# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३।०७।०५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---------------------------------------------------

वैदेशिक रोजगार विभाग, काठमाण्डौमा कार्यरत शाखा अधिकृत रमेश लामीछानेले कानुन वमोजिम प्रकृया पुरा भई दर्ता गर्नुपर्ने म्यानपावर कम्पनीसंग कम्पनी दर्ता प्रमाण पत्र लिने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगबाट खटि गएको टोलीले निज शाखा अधिकृत रमेश लामीछानेलाई रु.१०,००,०००।-(दश लाख) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निज रमेश लामीछानेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुंदा राष्ट्रसेवक शाखा अधिकृत रमेश लामीछानेलाई रु.१०,००,०००।-(दश लाख) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता